प्रदेश सरकार, लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमी व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# माटो तथा मल परीक्षण प्रयोगशाला

खजुरा, बाँके

## प्रयोगशाला भवनमा झ्याल ढोका राख्ने तथा मर्मत गर्ने दरभाउपत्र आह्वानको सूचना !

प्रथम पठक सूचना प्रकाशित मिति : २०७८।०८।१३

यस कार्यालयको आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रयोगशाला भवनमा झ्यान ढोका राख्ने तथा मर्मत गर्नुपर्ने भएकोले इच्छुक नेपाली संस्था, निर्माण व्यवसायीहरुले निम्न शर्तको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनसम्म कार्यालय समयभित्र कार्यालयबाट रु. १०००।- मा दरभाउपत्र फारम प्राप्त गर्न सकिनेछ । यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र फारम नियम अनुसार भरी शिलबन्दी गरी खामको बाहिर दरभाउपत्रदाताको नाम ठेगाना, फोन नं. सम्पर्क नं. सहित शिलबन्दी लाहाछाप लगाइ कार्यालयलाई सम्बोधन गरी सूचना प्रकाशित भएको (सोह्रौं) दिनको १२:०० बजेसम्म कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।

२. दर्ता भएका दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । दरभाउपत्र खोल्न र दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन अन्तिम दिन मानिनेछ । दरभाउपत्र फारम प्राप्त गर्ने, दर्ता गर्ने खोल्ने स्थान यस कार्यालय भवन खजुरा बाँके हुनेछ ।

३. शिलबन्दी दरभाउपत्र साथ हुन आउने तपसिल उल्लेखित जमानत वापतको रकम प्रदेश लेखा इकाई बाँके को रा.वा. बैंक नेपालगञ्जस्थित धरौटी खाता नं. ४१३०१००२०२०३०००० ख.२.३ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त क वर्गको वाणिज्य बैंकले जारी गरेको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ७५ दिन भन्दा बढी म्याद भएको विडवण्ड (बैंक जमानी पत्र) समेतका आवश्यक कागजपत्रहरु संलग्न हुनुपर्नेछ ।

४. दरभाउपत्र प्रत्येक आइटम केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराइएको डकुमेण्टमा कुनै थपघट नलेखिएको हुनुपर्नेछ र दररेट सच्याउनुपर्ने भएमा सच्याइएको ठाउँमा दस्तखत र छाप भएको हुनुपर्नेछ । दरभाउपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. दरभाउपत्रदाताले कालोसूचीमा नपरेको स्व घोषणा गर्नुपर्नेछ । म्याद नाघी आएको, रीत नपुगेको, सशर्त पेश भएको दरभाउपत्र मान्य हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ ।

६. दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजात:- आ.व. २०७७/७८ को मु.अ. कर चुक्ता प्रमाणपत्र वा म्याद थप भएको पत्र, फर्म वा संस्था दर्ता प्रमाणपत्र, नवीकरणपत्र, दरभाउपत्र बैंक जमानत वा धरौटी र दरभाउपत्र दस्तुर तिरेको सक्कल रसिद ।

७. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन/नियम साथै सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

| ठेक्का नं. | कार्यालयको नाम र कोड नं. (३१२०१५७०२५) | कामको विवरण | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दस्तुर रु. | लागत स्टिमेट रकम मु.अ. कर र कन्टेन्जेन्सी समेत रु. |
|---|---|---|---|---|---|
| ०७८/७९/०१ | माटो तथा मल परीक्षण प्रयोगशाला खजुरा, बाँके | प्रयोगशाला भवनमा झ्याल ढोका राख्ने तथा मर्मत गर्ने | २५०००।- | १०००।- | ११०००००।- |

**नि. कार्यालय प्रमुख**

Scanned with CamScanner